**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.**
**माननीय न्यायाधीश श्री कुमार रेग्मी**

**आदेश**

०७६-WH-०३५१

**मुद्दाः बन्दीप्रत्यक्षीकरण।**

चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं. ११ घर भई हाल जिल्ला प्रहरी कार्यालय, चितवनमा गैरकानूनीरुपमा थुनामा रहेका दुर्गाप्रसाद सुवेदीको हकमा अविरल शर्मा----१ } रिट निवेदक

**विरुद्ध**

जिल्ला प्रहरी कार्यालय, चितवन-----------------------------------------------१
ऐ. का प्रमुख------------------------------------------------------------------१
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं-------------------------------१
ऐ. का प्रहरी महानिरीक्षक----------------------------------------------------१
चितवन जिल्ला अदालत-------------------------------------------------------१
} विपक्षी

नेपालको संविधानको धारा १३३(२) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

**तथ्य खण्ड**

१. निवेदकलाई मिति २०७७।०१।२३ को साँझ अन्दाजी ७:०० बजेको समयमा घरमा बसिरहेको बखत बिना पूर्जी विपक्षी जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरीद्वारा बलपूर्वक नियन्त्रणमा लिई गैरकानूनी हिरासतमा राखिएको छ। विपक्षीले प्रहरी प्रधान कार्यालयको ठाडो आदेश भन्दै निवेदकलाई विपक्षी जिल्ला प्रहरी कार्यालय चितवनले म्याद थपका लागि भनी चितवन जिल्ला अदालतमा पेस गरेको कुरा आफन्तहरू मार्फत जानकारी पाएको छु। निवेदकका विरुद्ध आजका मितिसम्म कुनै पनि अड्डा अदालतमा मुद्दा दायर गरेको भन्ने

जानकारी पाएको छैन। निवेदकलाई परिवार र आफन्तहरूसँग सहजरुपमा भेटघाट गर्न दिइएको छैन। निवेदकलाई हिरासतमा राखी शारीरिक तथा मानसिक यातना दिइएको आशंका छ।

यतिवेला विश्वव्यापीरुपमा कोभिड-१९ को महामारीले सम्पूर्ण मानवजातिलाई नै त्रसित बनाएको छ। नेपालमा पनि कोरोना भाइरस संक्रमितहरूको संख्या दिनहुँ बढ्दै गएको अवस्थामा सरकारले लकडाउन घोषणा गरेको छ। प्रत्येक नागरिकलाई भौतिक दूरी कायम गर्न, घरभित्रै सुरक्षित बस्न भनी सरकारकातर्फबाट उर्दी जारी गरिएको छ तर निवेदकलाई भने फरक बिचार र आस्था राखेकै कारण विपक्षीको हिरासतमा राखिएको छ। हिरासतमा कोभिड-१९को सङक्रमण हुनसक्ने भएका कारण निवेदकको जीवन पलपलमा असुरक्षित छ। संक्रामक महामारीको यस्तो भयभित अवस्थामा सरकारले आफ्नै आदेशको उपहास गरेको छ। नेपालको संविधानले प्रत्याभूत गरेको समानताको हक, स्वतन्त्रताको हक, सम्मानपूर्वक बाँच्न पाउने निवेदकको हक विपक्षीहरूद्वारा हनन् गरिएको छ। अतः फरक बिचार र आस्था राखी विप्लव नेतृत्वको कम्युनिष्ट पार्टीलाई समर्थन गरेको भन्दै विपक्षीहरूद्वारा बिनाकारण बिना पूर्जी पक्राउ गरिनु भएका निवेदक दुर्गाप्रसाद सुवेदीलाई प्रवृत्त भावना लिई संविधान एवं प्रचलित कानून विपरीत हाल भरतपुर अस्पतालमा बन्दी बनाई राखेको कार्यबाट निवेदकको हकमा नेपालको संविधानको धारा १६, १७,१८ २०, २२, ३५ समेतद्वारा प्रदत्त मौलिक हक अधिकार कुण्ठित भएकाले निवेदक दुर्गाप्रसाद शर्मा सुवेदीलाई तुरुन्त सम्मानित अदालतसमक्ष उपस्थित गराई उल्लिखित विपक्षीहरूका नाममा नेपालको संविधानको धारा ४६, १३३(२) (३) र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३३, नियम ३७(क), (ख) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी विपक्षीहरूको गैरकानूनी थुनाबाट मुक्त गरी पाउँ भन्नेसमेत व्यहोराको निवेदक दुर्गाप्रसाद शर्मा सुवेदीको हकमा अविरल शर्माको निवेदनपत्र।

२. "यसमा के कसो भएको हो? निवेदकको निवेदन मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेसुश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत साथै राखी मिति २०७७।०२।०५ गते दिनको १०:०० बजेभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नू भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका

नाममा म्याद सूचना पठाई मिति २०७७।०२।०५ को पेसी तोकी नियमानुसार पेस गर्नूहीला" भन्ने यस अदालतको मिति २०७७।२।२ को आदेश।

३. रिट निवेदकलाई गैह्र कानूनीरुपमा पक्राउ गर्ने, थुनामा राख्ने लगायतको कार्य यस प्रहरी प्रधान कार्यालयबाट गरिएको छैन। उल्लिखित रिट निवेदनको सम्बन्धमा के कसो भएको हो भनी जिल्ला प्रहरी कार्यालय चितवनसँग जानकारी माग गर्दा "नेपाल सरकारद्वारा प्रतिवन्धित नेपाल कम्युनिष्ट पार्टी (विप्लव समर्थित) का नेता तथा कार्यकर्ताहरू संगठितरूपमा योजना बनाई नेपालको सार्वभौमसत्ता, भौगोलिक प्रादेशिक अखण्डता, राष्ट्रियता वा राष्ट्रिय एकता, नेपालको स्वाधिनता, स्वाभिमान वा संघीय इकाई बिचको सुसम्बन्धमा खलल पार्नसक्ने गरी वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय साम्प्रदायिक र यस्तै कुनै आधारमा घृणा, द्वेष वा अपहेलना हुने गरी काम कारवाही भइरहेको भन्ने सूचनाको आधारमा खोजतलास गरी नेपाल सरकारद्वारा प्रतिवन्धित नेपाल कम्युनिष्ट पार्टी (विप्लव समर्थित) का चितवन जिल्ला सेक्रेटरी भनी खुल्न आएका दुर्गा सुवेदी भनिने दुर्गाप्रसाद शर्मालाई मिति २०७७।०१।२३ गते साँझ अन्दाजी १८:०० बजेको समयमा भरतपुर महानगरपालिका वडा नं. ११ स्थित निजको घरमा खानतलासी गर्दा निजले राज्य विरूद्धको कसूरसँग सम्बन्धित चन्दा संकलनका रसिद प्याडहरू, भातृ संगठनका कागजातहरू, लिखित दस्तावेजहरू फेला परेकाले बरामद गरी पक्राउ गरी निजउपर मुलुकी अपराध संहिता, २०७४ को भाग २ मा उल्लिखित फौजदारी कसूरहरू अन्तर्गत परिच्छेद १ को राज्य विरूद्धका कसूर अन्तर्गत सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकताउपर खलल पुऱ्याएको सम्बन्धी कसूरमा मुद्दा दर्ता गरी अदालतबाट मिति २०७७।०१।२३ गतेबाट लागु हुने गरी पटकपटक म्याद थपका लागि अनुमति लिई अनुसन्धान कार्य जारी रहेको" भन्ने जानकारी प्राप्त हुन आएको अवस्था छ।

विपक्षी रिट निवेदक दुर्गाप्रसाद शर्मा सुवेदीउपर जिल्ला प्रहरी कार्यालय चितवनमा राज्य विरूद्धका कसूर अन्तर्गत सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकताउपर खलल पुऱ्याएको सम्बन्धी कसूर शीर्षकमा मुद्दा दर्ता गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६) बमोजिम म्याद थप गरी अनुसन्धान भइरहेको र रिट निवेदकलाई झुट्ठा मुद्दा लगाई कानून विपरीत थुनामा राखेको भन्ने आरोपमा कुनै सत्यता नरहेको हुँदा प्रहरी प्रधान कार्यालय, नक्सालसमेतलाई विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन

खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको प्रहरी प्रधान कार्यालय, नक्साल र ऐ.का कार्यालय प्रमुखसमेतको तर्फबाट यस अदालतमा संयुक्तरुपमा दायर हुन आएको लिखित जवाफ।

४. नेपाल सरकारद्वारा प्रतिवन्धित नेपाल कम्युनिष्ट पार्टी (विप्लव समर्थित)का नेता तथा कार्यकर्ताहरू संगठित रूपमा योजना बनाई नेपालको सार्वभौमसत्ता, भौगोलिक प्रादेशिक अखण्डता, राष्ट्रियता वा राष्ट्रिय एकता, नेपालको स्वाधिनता, स्वाभिमान वा संघीय इकाई बीचको सुसम्बन्धमा खलल पार्न सक्ने गरी वर्गीय, जातीय, धार्मिक, क्षेत्रिय साम्प्रदायिक र यस्तै कुनै आधारमा घृणा द्वेष वा अपहेलना हुने गरी नेपाल सरकारद्वारा प्रतिवन्धित नेपाल कम्युनिष्ट पार्टी (विप्लव समर्थित) का चितवन जिल्ला सेक्रेटरी भनी खुल्न आएका दुर्गा सुवेदी भनिने दुर्गाप्रसाद शर्मीले राज्य विरूद्धको कसूर अपराध गरिरहेको भन्ने बुझिन आएकाले खोजतलास गर्ने क्रममा मिति २०७७।०१।२३ गते साँझ अन्दाजी १८:०० बजेको समयमा नयाँकिरण टोलस्थित निजैको घरमा फेला परेको र खानतलासी गर्दा राज्य विरूद्धको कसूरसँग सम्बन्धित चन्दा संकलनका रसिद प्याडहरू, भातृ संगठनका कागजातहरू, लिखित दस्तावेजहरू फेला परेकाले बरामद गरी पक्राउ गरी निजउपर मुलुकी अपराध संहिता, २०७४ भाग २ फौजदारी कसूरहरू अन्तर्गत परिच्छेद १ को राज्य विरूद्धका कसूर अन्तर्गत सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकताउपर खलल पुऱ्याएको सम्बन्धी कसूर अन्तर्गत कारवाही गरी पाउँ भन्ने प्रहरी निरीक्षक प्रकाश शाहको प्रतिवेदन जाहेरी साथ उक्त पार्टीमा नाम विजय शर्मा भएको निज दुर्गाप्रसाद शर्मा सुवेदीलाई दाखिला गरेको हुँदा मिति २०७७।०१।२४ गतेका दिन मुद्दा हेर्ने सम्बन्धित निकाय सम्मानित चितवन जिल्ला अदालतमा उपस्थित गराई सम्मानित अदालतबाट जरुरी पक्राउ पूर्जी स्वीकृत गराई उक्त मुद्दा सोही दिन यस कार्यालयको अपराध दर्ता कितावमा दर्ता नं. ७३७ मा मुलुकी अपराध संहिता, २०७४ भाग २ फौजदारी कसूरहरू अन्तर्गत परिच्छेद १ को राज्य विरूद्धका कसूर शीर्षकमा दर्ता गरी निजलाई प्रहरी हिरासतमा राखनका लागि चितवन जिल्ला अदालतबाट जरुरी पक्राउ पूर्जीको अनुमति लिई मिति २०७७।०१।२३ गतेबाटै लागु हुने गरी हिरासतमा राखी थप अनुसन्धानको कार्य भइरहेको छ। निज विजय शर्मा भनिने दुर्गाप्रसाद शर्मा सुवेदीलाई गैरकानूनीरुपमा थुनामा राखिएको होइन, छैन।

यसरी नेपाल सरकार द्वारा प्रतिवन्धित नेपाल कम्युनिष्ट पार्टी (विप्लव समर्थित) का चितवन जिल्ला सेक्रेटरी विजय शर्मा भनीने दुर्गाप्रसाद शर्मा सुवेदीले राज्य विरुद्धको कसूर

अन्तर्गत सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकताउपर खलल पुऱ्याएको सम्बन्धी कसूर अपराध गरेको र निजको घर कोठाबाट सोसँग सम्बन्धित सवुद प्रमाण दस्तावेजसमेत बरामद भएकाले कानूनबमोजिम पक्राउ गरी मुद्दा दर्ता गरी प्रहरी हिरासतमा राख्ने अनुमतिसमेत लिई प्रहरी हिरासतमा राखी अनुसन्धान भइरहेको बिषयलाई बङ्ग्याई कपोलकल्पित ढंगबाट दोषारोपण गरी यस कार्यालयसमेतलाई विपक्षी बनाई लेखी दिएको विपक्षीको रिट निवेदन खारेज गरी पाउँ भन्ने जिल्ला प्रहरी कार्यालय चितवन र ऐ. कार्यालयका कार्यालय प्रमुखको तर्फबाट यस अदालतमा संयुक्तरुपमा दायर हुन आएको लिखित जवाफ।

५. प्रहरी निरीक्षक सुवास भट्टको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी दुर्गाप्रसाद शर्मा सुवेदी भएको राज्य विरुद्धको कसूरमा जिल्ला प्रहरी कार्यालय चितवनले निज दुर्गाप्रसाद शर्मालाई पक्राउ गरी म्याद थप गरी पाउन जिल्ला सरकारी वकिल कार्यालय चितवनको च.नं. ५०५९ मिति २०७७।०१।२३ को पत्रअनुसार निज प्रतिवादीलाई अनुसन्धान तहकिकात कार्यअगाडि बढाउन मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ को उपदफा ३ बमोजिम मिति २०७७।०१।२३ गतेबाट पहिलो पटक ५(पाँच) दिनको म्याद थप, मिति २०७७।०१।२८ गतेबाट दोस्रो पटक पुनः ५(पाँच) दिनको म्याद थप भएको र मिति २०७७।०२।०८ गतेबाट तेस्रो पटक १५ (पन्ध्र) दिनको म्याद थप गरी अनुसन्धान गर्न अनुमति दिएको व्यहोरा अवगत गराउन चाहन्छु।

यसरी एउटा साधिकार निकाय जिल्ला प्रहरी कार्यालय चितवनले अनुसन्धानको लागि राज्य विरुद्धको कसूर अपराधमा अर्को साधिकार निकाय जिल्ला सरकारी वकिल कार्यालय चितवनले कानूनी अख्तियारको प्रयोग गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ बमोजिम अनुसन्धानको लागि प्रहरी हिरासतमा राख्न म्याद थपका लागि माग गरेको हुँदा मागबमोजिम प्रहरी हिरासतमा राख्न यस अदालतबाट अनुमति प्रदान गरिदिएको र निजको विरुद्ध हाल अभियोगसमेत लगाइसकेको अवस्था नभई मुद्दा हेर्ने अधिकारीले अनुसन्धान गरिरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाँउ भन्नेसमेत व्यहोराको चितवन जिल्ला अदालतको तर्फबाट यस अदालतमा दायर हुन आएको लिखित जवाफ।

६. यसमा निवेदकलाई राज्य विरुद्धको कसूरमा अनुसन्धानको लागि मिति २०७७।०१।२३ गते पक्राउ गरी चितवन जिल्ला अदालतबाट पटकपटक म्याद थप गरेको देखियो। तर लिखित जवाफहरू हेर्दा खानतलासी मुचुल्का, बयान र केही पत्राचारबाहेक अनुसन्धानको

प्रगति स्पष्टसँग खुल्ने कागजहरू मिसिलसंलग्न रहेको देखिएन। तसर्थ हालसम्म भएको अनुसन्धानको प्रगति विवरण ३ (तीन) दिनभित्र पठाउनु भनी जिल्ला प्रहरी कार्यालय चितवनलाई लेखी जवाफ प्राप्त भएपछि नियमानुसार पेस गर्नू भन्ने यस अदालतको मिति २०७७।०२।०७ का भएको आदेश।

## ठहर खण्ड

७. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता एकराज भण्डारी तथा अधिवक्ताहरू श्री चिरन्जीवि ढकाल, श्री सन्तोष भण्डारी, श्री लक्ष्मी नानी थापाले रिट निवेदक अविरल शर्माले बन्दी दुर्गाप्रसाद शर्मा सुवेदीलाई मिति २०७७।०१।२३ मा प्रवृत्त भावनाबाट पक्राउ गरी बिना आधार र कारण हिरासतमा राख्ने कार्यबाट निवेदकको संविधान प्रदत्त मौलिक हकसमेतमा आघात पर्न गएकाले विपक्षीहरूको गैरकानूनी थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

८. विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशीले निवेदकले नेपाल सरकारप्रति घृणा, द्वेष वा अपहेलना गर्ने कार्य नेपाल सरकारद्वारा प्रतिबन्धित नेपाल कम्युनिष्ट पार्टी (विप्लव समर्थित)का नेता तथा कार्यकर्ताहरूसँग संगठित भई नेपालको सार्वभौमसत्ता, भौगोलिक प्रादेशिक अखण्डता, राष्ट्रियता, नेपालको स्वाधिनतामा आँच आउने किसिमले खलल पार्ने कार्य निवेदक दुर्गाप्रसाद सुवेदीले गरेको हुँदा निजलाई पक्राउ गरी कानून बमोजिमको पक्राउ पूर्जी दिई मुद्दा हेर्ने अधिकारीबाट कानूनबमोजिम म्याद थप भई अनुसन्धान भइरहेको हुँदा निजका हकमा बन्दीप्रत्यक्षीकरणको रिट जारी हुनसक्ने अवस्था नभएकाले रिट निवेदन खारेज हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

९. रिट निवेदनसहितको मिसिल कागजात अध्ययन गरी विद्वान् वरिष्ठ अधिवक्ता, अधिवक्ताहरू र विद्वान् सहन्यायाधिवक्ताहरूको बहस सुनी प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिमको आदेश जारी हुने हो? वा होइन? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१०. निर्णयतर्फ बिचार गर्दा, निवेदक दुर्गा सुवेदी भन्ने दुर्गाप्रसाद सुवेदी शर्मालाई मिति २०७७।०१।२३ गते पक्राउ गरी प्रवृत्त भावनाबाट बिना आधार र कारण हिरासतमा राख्ने कार्यबाट निवेदकको संविधान प्रदत्त मौलिक हकसमेतमा आघात पर्न गएकाले विपक्षीहरूको गैरकानूनी थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ भन्ने रिट निवेदन माग भएकोमा विपक्षी निवेदकले नेपाल सरकारप्रति घृणा, द्वेष वा अपहेलना गर्ने कार्य गरिरहेको हुँदा जिल्ला प्रहरी कार्यालय, चितवनबाट खटिएको प्रहरी टोलीले निजलाई

जरुरी पक्राउ पूर्जी दिई पक्राउ गरी निजउपर राज्य विरुद्धको कसूर अपराध शीर्षकमा मुद्दा दर्ता भई मिति २०७७।०१।२३ बाट लागू हुने गरी चितवन जिल्ला अदालतबाट म्याद थप गरी कानूनबमोजिम हिरासतमा राखी अनुसन्धान कार्य भइरहेको छ। यसरी राज्य विरुद्धको कसूर अपराध गर्ने व्यक्तिलाई कानून प्रदत्त अधिकार बमोजिम मुद्दाको अनुसन्धान कार्य भइरहेकाले मुद्दाको अनुसन्धानको सिलसिलामा हिरासतमा लिइएको कार्यलाई गैरकानूनी थुना मान्न नमिल्ने भएकाले रिट निवेदन खारेज गरी पाउँ भन्ने विपक्षीहरूको एकै मिलानको अलगअलग लिखित जवाफ व्यहोरा भई पेस भएको पाइयो।

११. सो सन्दर्भमा हेर्दा, यी निवेदक दुर्गाप्रसाद सुवेदीलाई मिति २०७७।०१।२३ गते विपक्षी जिल्ला प्रहरी कार्यालय,चितवनबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको भन्ने कुरामा विवाद देखिन आएन। यी निवेदकले नेपाल सरकारप्रति घृणा, द्वेष वा अपहेलना गर्ने कार्य गरिरहेको हुँदा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले निजलाई जरुरी पक्राउ पूर्जी दिई पक्राउ गरी निजउपर राज्य विरुद्धको कसूर अपराध शीर्षकमा मुद्दा दर्ता भई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ को उपदफा (३) बमोजिम जरुरी पक्राउ पूर्जी दिई चितवन जिल्ला अदालतबाट म्याद थप गरी प्रहरी हिरासतमा राखी अनुसन्धानको कार्य गरिरहेको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिन्छ।

१२. निवेदक बन्दी दुर्गाप्रसाद शर्मा सुवेदी मिति २०७७।०१।२३ मा पक्राउ परी निजलाई राज्य विरुद्धको कसूरमा थुनुवा पूर्जी दिएको र सोही मितिबाट लागु हुने गरी पहिलो पटक ५ दिनको म्याद थप भई मिति २०७७।०१।२८ बाट लागु हुने गरी दोस्रो पटक पुनः ५ दिनको म्याद थप भएको पाइन्छ। त्यसैगरी मिति २०७७।०२।०२ बाट लागु हुने गरी पुनः तेस्रो पटक १५ दिनको म्याद थप भएको तथ्य मिसिलसंलग्न जिल्ला प्रहरी कार्यालय चितवनबाट प्राप्त हुन आएका कागजातहरूबाट देखिन्छ।

१३. यसरी प्रस्तुत रिट निवेदनका निवेदक/बन्दी दुर्गाप्रसाद शर्मा सुवेदीलाई जिल्ला प्रहरी कार्यालय चितवनले मिति २०७७।०१।२३ मा राज्य विरुद्धको अपराधको कसूरमा पक्राउ गरी सोही मितिबाट लागु हुने गरी पहिलो पटक ५ दिनको म्याद थप भई क्रमशः दोस्रो पटक ५ दिन र तेस्रो पटक मिति २०७७।०२।०२ मा १५ दिनको म्याद थप भई अनुसन्धान गरेकोमा निजलाई सो कसूरमा अभियोग नलगाई पुनः संगठित अपराधको कसूरमा थुनुवा पूर्जी दिएको भए पनि यी निवेदकउपर सो कसूरमा कानूनका म्यादभित्र अभियोग दायर भएको र रिट निवेदक थुनाबाट छुटेको अवस्था पनि देखिंदैन। सुरुमा निवेदकलाई राज्य विरुद्धको अपराधको कसूरमा अनुसन्धान गर्न पक्राउ गरिएकोमा सो कसूरमा अनुसन्धानको कार्य नसकिंदै उक्त कसूरमा मुद्दा नचलाई पुनः संगठित अपराधको कसूरमा थुनुवा पूर्जी दिई निवेदकलाई अनुसन्धानमा राखेको भन्ने देखियो। यस सम्बन्धमा विपक्षीमध्येको जिल्ला प्रहरी

कार्यालय, चितवनबाट समेत यी निवेदक बन्दी दुर्गाप्रसाद शर्मा सुवेदीलाई संगठित अपराधको कसूर कायम गर्ने किसिमको कुनै तथ्यगत प्रमाण र सोलाई समर्थित हुने कुनै बलियो प्रमाण लगायतका कागजातहरू पेस हुन आएको स्थिति देखिंदैन। तथापि रिट निवेदकउपर राज्य विरुद्धको अपराधमा अनुसन्धान गर्न पक्राउ गरी म्याद थप हुँदै आएपछि सो कसूरमा निज विरुद्ध मुद्दा नचलाई पुनः संगठित अपराधको कसूरमा थुनुवा पूर्जी दिई अनुसन्धान गरेको भने तापनि यी निवेदकलाई संगठित अपराधको कसूरमा थुनुवा पूर्जी दिएको मिसिलबाट देखिन आउँदैन। यसरी एक किसिमको कसूर अपराधमा पक्राउ पूर्जी दिई अनुसन्धानको लागि पटक पटक म्याद थप गरी अनुसन्धान गर्न पाउने समयावधि सकिंदासमेत उक्त कसूरमा अभियोग दायर नगरी पुनः अर्को संगठित अपराध कसूरमा हिरासतमा राख्ने कार्यले व्यक्तिको संवैधानिक र कानूनी हक अधिकार र वैयक्तिक स्वतन्त्रामा अंकुश लगाउने कार्य भएको देखिन्छ।

१४. निवेदकलाई राज्य विरुद्धको अपराधमा मिति २०७७।०१।२३ गतेदेखि मिति २०७७।०२।१६ गतेसम्म म्याद थप गरी जम्मा दिन २५ (पच्चीस) अनुसन्धानको लागि प्रहरी हिरासतमा राखेपछि निज विरुद्ध न मुद्दा दायर गरिएको छ, न त हिरासतबाट मुक्त गरिएको छ। राज्य विरुद्धको अपराधमा अनुसन्धान हुँदै गर्दा त्यसपछि निवेदकलाई पुनः संगठित अपराधमा प्रहरी हिरासत अन्तर्गत थुनामा राखिएको छ भन्ने निवेदक तर्फका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिर रहेको छ। त्यस सम्बन्धमा निवेदकलाई थुनामा राख्ने जिल्ला प्रहरी कार्यालय, चितवनको लिखित जवाफमा केही पनि उल्लेख गरिएको छैन। यसरी कुनै पनि व्यक्तिलाई पक्राउ गरी निजउपर सुरुमा एउटा कसूरमा अनुसन्धान गर्न थुनामा राखी म्याद थप्दै जाने र सो कसूरमा साधिकार अदालत, निकायमा मुद्दा पनि नचलाउने र अभियुक्तलाई पनि नछाड्ने र सोही अवधि र अवस्थामा नै पुनः अर्को वारदातको कसूरमा भनी थुनामा नै राख्ने, परिवर्तन गरिएको कसूरमा पनि थुनामा राख्न भनी अदालतबाट म्याद थप पनि नलिने, थुनाबाट छाडेको भन्ने कुनै जानकारी पनि नहुने, नगराउने र अदालत एवम् साधिकार निकायबाट म्याद थप गर्ने लगायतका सबै कानून बमोजिमका प्रक्रियाहरू पूरा गरी मुद्दा पनि दायर नगर्ने र व्यक्ति थुनामा छ वा छाडिएको छ? वा निज विरुद्ध मुद्दा दायर गरिएको छ? त्यसबारे अदालतलाई कुनै पनि जानकारी नहुने र नगराउने व्यवहारको अवस्थालाई सम्बन्धित अनुसन्धान गर्ने निकाय र पदाधिकारीले संविधान र कानूनप्रति धोखा र जालसाजपूर्ण व्यवहार गरेको मानिन जान्छ।

१५. कुनै पनि व्यक्तिले राज्य विरुद्धको जुनसुकै अपराध गरे पनि निजलाई कानूनको प्रक्रिया पूरा गरेर नै पक्राउ गरी अदालत एवम् मुद्दा हेर्ने निकायबाट म्याद थप गरी अदालत एवम् साधिकार निकायमा मुद्दा दायर नगरी सुरुमा जुन कसूरमा पक्राउ गरी म्याद थप गरे पनि

पछि सोही अवधिमा पुनः फेरि अर्को कसूरमा पनि अनुसन्धान गरी मुद्दा चलाउन परे सुरुमा पक्राउ गरी म्याद थप गरेदेखि नै गणना हुने गरी पछि थप वा परिवर्तन गरिएको कसूरको प्रकृति अनुसार म्याद थप गर्न पाउने अवधिभर कानूनबमोजिम र कानूनको प्रक्रिया पूरा गरी कारण र आधार खोली म्याद थप गरी थुनामा राख्नुपर्नेमा कसूर र थुनाको प्रकृति र अवस्था परिवर्तन गर्दै अदालतबाट पनि थुनामा राख्ने म्याद थपको अनुमति नलिई थुनामा नै राखिरहने गरेको कार्यलाई प्रत्यक्षरुपमा नै प्रवृत्त धारणा राखी गरेको कार्य मानिन जान्छ।

१६. नागरिकको मौलिक हकको हनन् हुन गएमा नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम सर्वोच्च अदालतले असाधारण क्षेत्राधिकार ग्रहण गरी उपयुक्त आदेश जारी गरी नागरिकको मौलिक हकको प्रचलन गराउनु पर्दछ। कानूनबमोजिम बाहेक वा कानूनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रतामा अंकुश लगाउन वा नियन्त्रण गर्न पाइँदैन। नागरिकलाई वैयक्तिक स्वतन्त्रताको अधिकारबाट वञ्चित गर्दा कानूनले तोकेको उचित प्रक्रियाको अनिवार्यरूपमा अनुशरण गर्नुपर्ने हुन्छ। कानूनको उचित प्रक्रियाको अनुशरण नगरी वैयक्तिक स्वतन्त्रतामाथि लगाइएको अंकुशले न्यायिक वैधता प्राप्त गर्न सक्दैन। कानून बमोजिम वा कानूनको उचित प्रक्रिया अन्तर्गत **"व्यक्तिलाई कुनै पनि वारदात र कसूरमा पक्राउ गरेर म्याद थप गरदेखि अनुसन्धान तहकिकात पूरा गरी मुद्दा दायर गर्दासम्मको हरेक चरणमा कार्यविधि कानूनलाई अक्षरसः पालना गर्नु हो भनी सम्झनु पर्छ"** कुनै व्यक्तिलाई गैरकानूनी रूपमा वा यसप्रकारको कानूनको उचित प्रक्रिया पूरा नगरी केवल फरक विचार र आस्थाकै आधारमा प्रवृत्त धारणा राखेर बन्दी बनाइएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्नु अदालतको कर्तव्य हुन्छ।

१७. फौजदारी कानूनको प्रतिकूल अर्थात फौजदारी कसूरजन्य कार्य भएको अवस्थामा आवश्यक अनुसन्धान तथा छानबिन गरी दोषीलाई कानूनको दायरामा ल्याउनु सम्बद्ध निकायहरूको कानूनी कर्तव्य हुन्छ भन्ने कुरामा विवाद छैन। यसका लागि कानूनी एवम् न्यायिक प्रक्रिया अपनाएर मात्र अभियुक्तलाई नियन्त्रणमा राखी अनुसन्धान तथा छानबिन प्रक्रियाअगाडि बढाउनु आवश्यक पनि हुन्छ। कानूनी एवम् न्यायिक प्रक्रिया सञ्चालन गर्दा कानूनबमोजिमको उचित प्रक्रियाको समुचित अनुशरण गर्नुपर्नेमा निवेदकलाई राज्य विरुद्धको कसूर अपराधमा अनुसन्धानका लागि पक्राउ गरी सो कसूरमा अनुसन्धानको कार्य पूरा नहुँदै सोही अवधिमा अर्को संगठित अपराधको कसूरमा विपक्षीहरूबाट म्याद थप गरे नगरेको अवस्था नै यकिन नहुने गरी पुनः हिरासतमा राख्ने गरेको कार्य गैरकानूनी हुन जान्छ।

१८. कानूनद्वारा निषेधित कसूर गरेको देखिने भरपर्दो र विश्वसनीय आधारका प्रमाण बिना व्यक्तिलाई स्वतन्त्रताको हक उपभोग गर्नबाट बञ्चित गर्नु कानूनी राज्यको अवधारणा विपरीत हुन जान्छ। यसरी उचित र पर्याप्त आधार बिना गैरकानूनी थुनामा रहेका

नागरिकको संविधान प्रदत्त मौलिक हकको संरक्षण गर्नु यस अदालतको कर्तव्य र दायित्वसमेत हुन आएबाट यी निवेदक बन्दी दुर्गाप्रसाद शर्मा सुवेदीका हकमा मागबमोजिमको आदेश जारी हुने अवस्था देखिन आयो।

१९. अतः माथि विवेचित आधार र कारणहरूबाट निवेदक दुर्गाप्रसाद सुवेदीलाई राज्य विरुद्धको अपराधमा अनुसन्धान गर्न पक्राउ गरी म्याद थप हुँदै आएपछि सो कसूरमा निज विरुद्ध मुद्दा नचलाई सोही अवधिमा निजलाई पुनः संगठित अपराधको कसूरमा थुनुवा पूर्जी दिई अनुसन्धान गर्ने प्रयोजनका लागि थुनामा नै राख्ने गरेको विपक्षीको उक्त कार्य गैरकानूनी देखिन आएकाले उक्त गैर कानूनी थुनाबाट निवेदकलाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) र (ख) बमोजिम थुना मुक्त गरी दिनु भनी यो बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ। यस अदालतको यसै इजलासबाट भएको मिति २०७७।०२।१९ को संक्षिप्त आदेशानुसार निज निवेदक/बन्दी दुर्गाप्रसाद सुवेदी थुनाबाट मुक्त भइसकेको देखिंदा केही गरिरहनु परेन। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृत (उपसचिव): मिनबहादुर कुँवर
कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७७ साल जेठ १९ गते रोज २ शुभम्.......................................................